२०५ औं

सूर्यविनायक नगरपालिका, नगरकार्यपालिकाको मिति २०८२/१२/२० गतेको २०५^औं^ बैठक

**बैठक संख्या: ४/२०५ औं**

आज मिति २०८२ चैत २० गते शुक्रबारका दिन यस सूर्यविनायक नगरपालिका नगर कार्यपालिकाको २०५ औं बैठक नगर प्रमुख श्री बासुदेव थापाज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी देहायका विषयमा छलफल तथा निर्णय गरियो।

उपस्थिति :

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बासुदेव थापा | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री सरिता तिर्मसिना भट्टराई | नगर उप-प्रमुख (सदस्य) | |
| ३ | श्री सानुभाजी कायस्थ | वडा अध्यक्ष वडा नं. १ (सदस्य) | |
| ४ | श्री प्रदिप कार्की | वडा अध्यक्ष वडा नं. २ (सदस्य) | |
| ५ | श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. ३ (सदस्य) | |
| ६ | श्री लछुराम न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ (सदस्य) | |
| ७ | श्री राजकुमार जोशी | वडा अध्यक्ष वडा नं. ५ (सदस्य) | |
| ८ | श्री ईश्वर खड्का | वडा अध्यक्ष वडा नं. ६ (सदस्य) | |
| ९ | श्री रविन्द्र सापकोटा | वडा अध्यक्ष वडा नं. ७ (सदस्य) | |
| १० | श्री पुष्पराज बस्नेत | वडा अध्यक्ष वडा नं. ८ (सदस्य) | |
| ११ | श्री ~~भगवान खत्री~~ शेरकाजी सुवाल | का.वा. वडा अध्यक्ष वडा नं. ९ (सदस्य) | |
| १२ | श्री शिवराम राउत | वडा अध्यक्ष वडा नं.१० (सदस्य) | |
| १३ | श्री तारा खतिवडा सापकोटा | कार्यपालिका सदस्य | |
| १४ | श्री कमला पोखरेल | कार्यपालिका सदस्य | |
| १५ | श्री शर्मिला बस्नेत | कार्यपालिका सदस्य | |
| १६ | श्री सावित्री मिश्र | कार्यपालिका सदस्य | |
| १७ | श्री हेमा दाहाल खतिवडा | कार्यपालिका सदस्य | |
| १८ | श्री सुमन परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रजुन तिखत्री | कार्यपालिका सदस्य | |
| २० | श्री सुनिल भुजेल | कार्यपालिका सदस्य | |
| २१ | श्री युवराज आचार्य | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

आमन्त्रित:

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्पराज न्यौपाने | वरिष्ठ शाखा अधिकृत | |

१

*सूर्यविनायक नगरपालिका, नगरकार्यपालिकाको मिति २०८२/१२/२० गतेको २०४औं बैठक*

**प्रस्तावहरु:**

१. नियमित समीक्षा।

२. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कनको लागि जि.स.स.मा सिफारिस गर्ने सम्बन्धमा।

३. आगामी आ.व.२०८३।८४ को बजेट तर्जुमाको लागि सरोकारवाला निकायसंग छलफल सम्बन्धमा।

४. नववर्ष २०८३ को शुभकामना सम्बन्धमा।

**निर्णय नं. १: नियमित समीक्षा सम्बन्धमा:**

कार्यपालिकाको २०४औं लगायत यस अघिका बैठकका निर्णयहरु कार्यान्वनयको अवस्था बैठकमा प्रस्तुत भई आवश्यक छलफल तथा समीक्षा भयो । बैठकका निर्णय कार्यान्वयको अवस्था बारे समग्र संक्षिप्त समीक्षा सहित विगतका राम्रा पक्षको निरन्तरता दिने र कमजोरीहरु सुधार गर्दै जाने।

**निर्णय नं. २ : स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (LGPAS) को लागि जि.स.स.मा सिफारिस गर्ने सम्बन्धमा।**

सुदृढ, सक्षम र प्रभावकारी स्थानीय शासन स्थापित गर्न यस सूर्यविनायक नगरपालिकाको सुशासन तथा संस्थागत सुदृढीकरण, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र आर्थिक-सामाजिक विकासमा प्राप्त उपलब्धिको मूल्याङ्कन गरी निरन्तर सुधारका लागि स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ बमोजिम गत आ.व. २०८१/८२ को सम्पादित क्रियाकलापहरुको तोकिएको समयभित्र प्रणालीमा प्रविष्टी गरी देहाय बमोजिमको क्षेत्रगत स्व-मूल्याङ्कन सहित जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुरमा पेश गर्ने निर्णय गरियो । साथै स्व-मूल्याङ्कनको क्रममा पुरा एवं अधुरा हुन नसकेका सूचकहरुको सुधारका लागि आगामी दिनमा कार्ययोजना सहित सुधार गर्ने ।

| क.सं. | क्षेत्र | कुल अंक भार | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|
| १. | सुशासन तथा संस्थागत विकास | ४० | ३१.६ | ७९.८ |
| २. | सामाजिक विकास | २० | १२.१ | ६०.६ |
| ३. | आर्थिक विकास | २० | १०.५ | ५२.३ |
| ४. | पूर्वाधार विकास | १० | ६.९ | ६९.४ |
| ५. | वन, वातावरण तथा विपद व्यवस्थापन | १० | ५.६ | ५६.१ |
| | जम्मा | १०० | ६६.८ | ६६.८ |

*सूर्यविनायक नगरपालिका, नगरकार्यपालिकाको मिति २०८२/१२/२० गतेको २०५ औं बैठक*

<u>निर्णय नं. ३ : आगामी आ.व.२०८३।८४ को बजेट तर्जुमाको लागि सरोकारवाला निकायसंग छलफल सम्बन्धमा।</u>

आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने सन्दर्भमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले सिफारिस गरेको सीमाभित्र रही वर्तमान आवश्यकता, स्थानीय प्राथमिकता र जनअपेक्षालाई सम्बोधन गर्न देहाय बमोजिम गर्ने निर्णय गरियो.

(क) **बजेट तर्जुमाको आधार:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म अनुरूप समावेशी, दिगो र नतिजामुखी योजनाहरूलाई प्राथमिकता दिने।

(ख) **सरोकारवालासँग छलफल:** बजेटलाई बढी व्यवहारिक र सहभागितामूलक बनाउनका लागि विषयगत विज्ञ, राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र र सम्बन्धित सरोकारवाला निकायहरूसँग तत्काल राय-परामर्श तथा छलफल प्रक्रिया अगाडि बढाउने।

(ग) **क्षेत्रगत प्राथमिकता:** शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार विकासका साथै लक्षित वर्ग (महिला, दलित, अपाङ्गता भएका व्यक्ति, युवा तथा बालबालिका) को उत्थान हुने गरी कार्यक्रम तर्जुमा गर्ने।

(घ) **समयसीमा:** बजेट तर्जुमाका सातवटा चरणहरू (पूर्वानुमान, सीमा निर्धारण, बस्ती/वडा स्तरको छनौट, विषयगत समिति छलफल, बजेट तर्जुमा समिति, कार्यपालिका स्वीकृति र सभामा पेस) लाई तोकिएको समयतालिका भित्रै सम्पन्न गर्ने।

<u>निर्णय नं. ४ नववर्ष २०८३ को शुभकामना सम्बन्धमा।</u>

नेपालीहरुको नयाँ वर्ष २०८३ सालको पावन उपलक्ष्यमा समस्त नगरवासी दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने।

प्रमाणीकरण
हस्ताक्षर:
नाम: युवराज आचार्य
पद: सचिव (प्रमुख प्रशासकीय अधिकृत)
मिति: